२०८० मंसिर १२ गते तदनुसार November 28, 2023 मंगलवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. तालिम माग गर्ने सम्बन्धमा ।

२. लागू औषध नियन्त्रण समिति गठन सम्बन्धमा ।

३. रोजगारमूलक योजना थप सम्बन्धमा ।

४. कार्यविधि पारित सम्बन्धमा ।

क.मानेभञ्ज्याङ गाउँपालिका सामुदायिक औषधि पसल कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

ख.मानेभञ्ज्याङ गाउँपालिका दिर्घरोगी, अशक्त अपाङ्ग तथा जेष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन सम्बनधी कार्यविधि, २०८०

५. अध्यक्ष कप प्रतियोगिता तयारी सम्बन्धमा ।

६. केत्तुके प्रहरी चौकी मर्मत सम्बन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१: घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गाको मिति २०८०/०८/०७ को चलानी नम्बर १४७ को पत्रानुसार गाउँपालिकामा आ.व. २०८०/८१ मा सञ्चालन हुने तपसिल अनुसारका सीप विकास तालिम तथा उद्यमशिलता विकास तालिम माग गरी पठाउने निर्णय गरियो ।

तपसिल:

क.सिलाइ बुनाइ तालिम

ख.कम्प्युटर मर्मत तालिम

ग.मोबाइल मर्मत तालिम

घ. बाँस फर्निचर निर्माण तालिम

निर्णय नं.-२: जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाको मिति २०८०/०७/२४ गतेको चलानी नम्बर ७९२ को पत्रानुसार तथा लागू औषध नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६" बमोजिम समिति गठन गर्नुपर्ने व्यवस्था भएकोले आजको कार्यपालिका बैठकबाट तपसिल अनुसारको लागू औषध नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री ज्ञानेन्द्र रुम्दाली, अध्यक्ष -अध्यक्ष

२. श्री आश्राचन राई, उपाध्यक्ष - सदस्य

३. श्री ढवलराज राई, जनस्वास्थ्य निरीक्षक -सदस्य

४. श्री भरत खतिवडा, शिक्षा शाखा प्रमुख -सदस्य

५. सामुदायिक विद्यालयका प्र.अ. मध्येबाट पालिकाले मनोनित गरेको एकजना महिला सहित २ जना – श्री नारायण प्रसाद बास्तोला र कमला राई, सुनकोशी आ.वि. हिलेपानी - सदस्य

६. पालिकाका संस्थागत विद्यालयका प्र.अ. मध्येबाट – श्री जन्तराम राई -सदस्य

७. लागू औषधको क्षेत्रमा काम गर्ने संघ संस्थाबाट पालिकाले मनोनित गरेको २ जना - नभएको

८. उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालकबाट १ जना - नभएको

९. आमा समूह मध्येबाट पालिकाले मनोनित गरेको २ जना -माया राई र चन्द्र कुमारी पूर्वाछाने -सदस्य

१०. युवा क्लब मध्येबाट पालिकाले मनोनित गरेको १ जना श्री कुमारजित मगर - सदस्य

११. वालक्लब मध्येबाट पालिकाले मनोनित गरेको १जना श्री करणजङ्ग राई, श्री धिमिले आवि

१२. स्थानीय सञ्चारकर्मीबाट पालिकाले मनोनित गरेको १ जना -दिपेन्द्र रुम्दाली

१३. स्थानीय प्रहरी इकाई प्रमुख -सदस्य

१४. प्रमुख प्रशासकीय अधिकृत -सदस्य- सचिव

**निर्णय नं.३:** चालु आ.व. २०८०/८१ मा यस गाउँपालिका वडा नं. ३ उँबु सल्लेमा अवस्थित ब्वोकुला खेल मैदानमा सञ्चालन गरिने अध्यक्ष कप खेलकुद प्रतियोगिताका लागि मैदान सम्याउने, दुवो रोप्ने, पानी हाल्ने, दर्शक बस्ने स्थल बनाउने लगायतका कार्य गर्ने गरी सम्वन्धित वडाका सूचिकृत वेरोजगार व्यक्तिहरुलाई सशर्त अनुदान स्रोतको रोजगारी सिर्जना शीर्षकबाट अधिकतम ९० दिन (७२० घण्टा) वरावरको ज्याला भुक्तानी हुनेगरी ब्वोकुला खेल मैदान मर्मत योजना अमानतबाट सञ्चालन गर्ने रोजगार सेवा केन्द्रको समन्वयमा वडा कार्यालाय मार्फत सञ्चालन गरिने उक्त योजनाको लागि ज्याला बाहेकको आवश्यक अतिरक्त भार (निर्माण औजार तथा श्रमिक सुरक्षा सामग्री) अध्यक्ष कप खेलकुद प्रतियोगिता खेलकुद व्यवस्थापन समितिले व्यहोरी उपलब्ध गराउने निर्णय गरियो। उक्त योजनाको नियमिति सुपरीवेक्षण सो वडाका प्राविधिक ईन्जिनियर सन्तोष पोखरेल र अनुगमन अन्तिम सुपरीवेक्षण रोजगार सेवा केन्द्रका प्राविधिक सहायक कल प्रसाद तिवारीले गर्ने निर्णय गरियो ।

**निर्णय नं.-४:** आजको कार्यपालिका वैठकबाट तपसिल अनुसारको कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. मानेभन्ज्याङ गाउँपालिका सामुदायिक औषधि पसल कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
२. मानेभन्ज्याङ गाउँपालिका दिर्घरोगी, अशक्त अपाङ्ग तथा जेष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०८०

**निर्णय नं.५:** मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ३ को ब्वोकुला खेल मैदानमा आगामी पुस १७ देखी २९ सम्म सञ्चालन हुने कोशी प्रदेश स्थानीय तह स्तरीय मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष कप फुटवल प्रतियोगिता, २०८० को तयारीको लागि मुल आयोजक समिति मार्फत अन्य आवश्यक उपसमितिहरु गठन गरी प्रतियोगिता सम्पन्न गर्नको लागि कार्य जिम्मेवारी दिन मुल समितिलाई जिम्मा दिने निर्णय गरियो । साथै मुल आयोजक समिति मार्फत गठन भएको आर्थिक व्यवस्थापन उप समितिको माग बमोजिम ८० प्रतिशत सम्म पालिकाबाट विनियोजित रकम शुरु निकासा स्वरुप उक्त उपसमितिलाई निकासा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.६:** यस गाउँपालिका वडा नं. ४ केत्तुकेस्थित अस्थाई प्रहरी विट मर्मत संभार गर्न आवश्यक भएको भनि अस्थायी प्रहरी विट केत्तुकेबाट माग भई आएकोले र उक्त कार्यको लागि छुट्टै बजेट चालु आ.व. मा विनियोजन नभएकोले गाउँपालिकाको चालु बजेट शीर्षक निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभारवाट उक्त विट मर्मत गर्दा प्राविधिक विल अनुसारको खर्च रकम बढीमा १ लाख ४५ हजार सोही वडाको वडासचिवको नाममा शोधभर्ना भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** नेपाल माझी उत्थान संघ ओखलढुङ्गावाट यस कार्यालयमा खेलकुद कार्यक्रममा सहभागी हुनको लागि आवश्यक आर्थिक सहायता माग निवेदन प्राप्त भएको र उक्त निवेदन बमोजिम मिति २०८०/७/२३ मा

मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० को दफा ६ (१) ख बमोजिम रु.२५ हजार आर्थिक सहायता भुक्तानी गरिएकोमा उक्त भुक्तानीलाई अनुमोदन गर्ने र उक्त संस्थाबाट खर्चको प्रतिवेदन माग गर्ने निर्णय गरियो ।